नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कास्की

फोन नं.: ०६१-४६३०७६
०६१-४६१७६४
०६१-४६५०७५
फ्याक्स : ०६१-४६१९६२
Email: daokaski@gmail.com
www.moha.gov.np/kaski

पत्र संख्या : २०७६/०७७
चलानी नं. : 6298

मिति २०७७/०१/१० गते ।

**विषयः CCMC बैठकको निर्णय सम्बन्धमा ।**

श्री गृह मन्त्रालय,
शान्ती शुरक्षा तथा अपराध नियन्त्रण शाखा,
सिंहदरवार, काठमाडौं ।

यस जिल्लामा गठन भएको जिल्लागत Crisis Management Center (CCMC) को मिति २०७७/०१/१० गतेको बैठकले गरेको निर्णय यसै पत्र साथ संलग्न राखि पठाइएको व्यहोरा सादर अनुरोध छ ।

............ 66/1/10
(गुरुदत्त ढकाल)
सहायक प्रमुख जिल्ला अधिकारी

गुरुदत्त ढकाल
सहायक प्रमुख जिल्ला अधिकारी

## वैठक संख्याः १६

आज मिति २०७७/०१/१० गते कास्कीका प्रमुख जिल्ला अधिकारी श्री ज्ञान प्रसाद ढकालज्यूको संयोजकत्वमा देहायको उपस्थितिमा **Covid-19 Crisis Management Center (CCMC)** जिल्लागत संरचनाको बैठक वसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति :**

| | | | |
|---|---|---|---|
| श्री ज्ञान प्रसाद ढकाल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय कास्की | संयोजक |
| श्री मनोज थापा | सेनानी | नेपाली सेना, भगवती दल गण | सदस्य |
| श्री दान बहादुर कार्की | प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, कास्की | सदस्य |
| श्री प्रेम ध्वज शाह | सशस्त्र प्रहरी उपरीक्षक | श्री नं २४ सशस्त्र प्रहरी कालिका गण कास्की | सदस्य |
| श्री भूमी पाठक | उप अनुसन्धान निर्देशक | राष्ट्रिय अनुसन्धान विभाग जिल्ला कार्यालय, कास्की | सदस्य |
| श्री नवराज बराल | जिल्ला समन्वय अधिकारी | जिल्ला समन्वय समिति, कास्की | सदस्य |
| श्री | अधिकृत प्रतिनिधि | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान | सदस्य |
| श्री नानीबाबु दानी | अधिकृत प्रतिनिधि | स्वास्थ्य निर्देशनालय, कास्की | सदस्य |
| श्री वावुराम आचार्य | प्रमुख | स्वास्थ्य कार्यालय, कास्की | सदस्य |

**आमन्त्रितः**

| | | |
|---|---|---|
| श्री डोलराज पाण्डे | सभापति | नेपाल रेडक्रस सोसाइटी कास्की |
| श्री श्रीनाथ पौडेल | स.प्र.जि.अ | जिल्ला प्रशासन कार्यालय, कास्की |
| श्री गुरुदत्त ढकाल | स.प्र.जि.अ | जिल्ला प्रशासन कार्यालय, कास्की |
| श्री भरतराज पौडेल | अधिकृत प्रतिनिधी | पोखरा महानगरपालिका |
| श्री लिला वल्लभ न्यौपाने | प्रशासकीय अधिकृत | जिल्ला प्रशासन कार्यालय कास्की |
| श्री लक्ष्मण बराल | प्रशासकीय अधिकृत | जिल्ला प्रशासन कार्यालय कास्की |

**वैठक संख्या: १६**

निर्णयहरु :

१. कास्की जिल्ला स्थित विभिन्न स्थानीय तहहरुवाट व्यवस्थापन भई तयारी अवस्थामा राखीएका क्वारेन्टाइन कक्षहरुको विवरण देहाय बमोजिम रहेको ।

| कास्की जिल्लाका स्थानीय तहमा सञ्चालित Quarantine कक्षहरुको क्षमताको संख्यात्मक विवरण | | | | | |
|---|---|---|---|---|---|
| सि.नं | स्थानीय तहको नाम | Quarantine क्षमता | Quarantine मा बसेकाको संख्या | | |
| | | | महिला | पुरुष | जम्मा |
| १. | पोखरा महानगरपालिका | १४८ | - | ६ | ६ |
| २. | अन्नपूर्ण गाउँपालिका | ६० | - | - | - |
| ३. | माछापुच्छ्रे गाउँपालिका | १३ | - | - | - |
| ४. | मादी गाँउपालिका | १० | - | - | - |
| ५. | रुपा गाँउपालिका | २५ | - | - | - |
| | जम्मा | २५६ | ० | ६ | ६ |

२. नेपाल बाहिरबाट आई कास्की जिल्लाका विभिन्न स्थानीय तहहरुमा बसोबास गर्दै आएका (१४ देखि २१ दिनभित्र बसाई अवधि रहेका) व्यक्तिहरुको COVID-19 को **Rapid Diagnostic Test** गर्ने कार्य मिति २०७६।१२।२८ देखि प्रारम्भ भएको । मिति २०७७।०१।१० सम्म गरिएको **RDT** को नमूना संकलन तथा नतिजाको विस्तृत विवरण देहाय बमोजिम रहेको ।

**जिल्ला कास्की ( Rapid Diagnostic Test : मिति २०७७।०१।१० सम्मको विवरण)**

| क्र.सं. | RDT सञ्चालन गर्ने स्थानिय तह/निकाय | संकलित नमूना संख्या | Non-Reactive (संख्या) | Reactive (संख्या) | नतिजा आउन बाँकि | हाल सम्म संकलित कुल नमूना संख्या | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७७।१।१० | | | | २०७७।१।९ सम्म | कुल जम्मा | |
| १ | पोखरा म.न.पा. | ३ | ३ | - | - | ५५५ | ५५८ | हाल सम्म संकलित सवै नमूना परिक्षणको नतिजा Non Reactive देखिएको । |
| २ | मादी गा.पा. | ० | ० | - | - | ४ | ४ | |
| ३ | अन्नपूर्ण गा.पा. | ० | ० | - | - | २ | २ | |
| ४ | रुपा गा.पा. | ० | ० | - | - | २६ | २६ | |
| ५ | माछापुच्छ्रे गा.पा. | ० | ० | - | - | ८ | ८ | |
| ६ | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान | १२ | १२ | - | - | ३२ | ४४ | |
| | जम्मा | १५ | १५ | - | - | ६२७ | ६४२ | |

३. कास्की जिल्लामा रहेका मानिसहरुको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानले गरेको कोरोना भाइरस (कोभिड-१९) को मिति २०७७।०१।१० सम्मको नमूना संकलन तथा सो को **Polymerase Chain Reaction (PCR Test)** को नजिता देहाय बमोजिम रहेको ।

| मिति | संकलित नमूना संख्या | नेगेटिभ (संख्या) | पोजेटिभ (संख्या) | नतिजा आउन बाँकी (संख्या) | कैफियत |
|---|---|---|---|---|---|
| २०७७।०१।१० सम्म | १५१ | १४८ | - | ३ | - |

४. कास्की जिल्लामा अत्यावश्यक वस्तु तथा सेवाहरुको (खाद्यान्न, औषधि लगायत अन्य दैनिक उपभोग्य वस्तुहरु) उपलब्धता, मौज्दात र विक्रि वितरणको अवस्थाको सन्दर्भमा जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय समेतको प्रतिनिधिहरुको सहभागितामा बजार अनुगमन गरियो ।

## वैठक संख्या: १६

५. जिल्लास्थित स्थानीय तहहरुमार्फत मिति २०७७।०१।१० सम्म वितरण गरिएको राहतको विवरण देहाय बमोजिम रहेको ।

| कास्की जिल्लाका स्थानीय तहहरु मार्फत वितरण भएको राहतको विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं | स्थानीय तहको नाम | घर परिवार संख्या | वितरित राहत प्याकेजको विस्तृत विवरण | | | | | | |
| | | | चामल (के.जी) | दाल (के.जी) | नुन (के.जी) | तेल (लि.) | चिनी (के.जी) | केराउ (के.जी) | अन्य |
| १. | पोखरा म.न.पा. | ३०४४१ | ५१५८८८ | ४१२७१ | ३०४४१ | २०६३६ | - | २०६३६ | - |
| २. | अन्नपूर्ण गा.पा. | वडास्तरमा तथ्याङ्क संकलन र आवश्यक राहत सामग्री व्यवस्थापन गरी तयारी अवस्थामा रहेको साथै गाउँपालिकाभित्र राहत प्रास गर्ने लाभग्राहीको संख्या करिब ५०० जना रहेको प्रारम्भिक तथ्याङ्क प्रास भएको । | | | | | | | |
| ३. | माछापुच्छ्रे गा.पा. | ६८५ | १७४६० | १३३० | ६८५ | ६८५ | - | - | साबुन १ गोटा<br>मसला १ पोका<br>बेसार १ पोका |
| ४. | मादी गा.पा. | ७८५ | १९६२५ | ७८५ | ७८५ | - | ७६० | - | - |
| ५. | रुपा गा.पा. | ३९२ | ७१२५ | ५९९ | ४१८ | ३५० | - | - | - |
| | जम्मा | ३२३०३ | ५६००९८ | ४३९८५ | ३२३२९ | २१६७१ | ७८५ | २०६३६ | - |

६. CCMC-Ops बाट मिति २०७६।१२।२३ को पत्रबाट प्रास Requirement बमोजिम कास्की जिल्लाभित्र विभिन्न संघसस्था मार्फत संचालित चालु अवस्थामा रहेका जम्मा ४४ (**६ वटा एम्बुलेन्सहरुलाई Dedicated एम्बुलेन्सको रुपमा परिचालन गर्ने गरी तयरी अवस्थामा राखिएको** ) वटा एम्बुलेन्सहरुमध्ये **२४ वटा एम्बुलेन्सहरुलाई COVID-19 Friendly एम्बुलेन्स**को रुपमा तयारी अवस्थामा राखिएको तथा बाँकि रहेका **२० वटा एम्बुलेन्सह**रुलाई क्रमिक रुपमा COVID-19 Friendly एम्बुलेन्सको रुपमा तयार गर्ने गरी संरचनात्मक सुधार जारी राख्ने ।

७. गृह मन्त्रालयको च.नं. ३५९४ मिति २०७७।०१।०८ को पत्रमा लेखी आए अनुसार कार्यक्षेत्रमा खटिदा, सेवा सञ्चालन तथा प्रवाहको लागि कार्यालयमा काम गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य सम्वन्धि मापदण्डहरुको पालना गर्ने तथा पूर्व सावधानीका उपायहरुको पूर्ण पालना र कार्यान्वियन गर्ने गराउने आवश्यक व्यवस्था मिलाउन कास्की जिल्ला भित्रका सबै सरकारी कार्यालयहरुलाई अनुरोध गर्ने।

८. लकडाउनको अवधीमा शान्ति सुरक्षा, आपतकालिन तथा अत्यावश्यक सेवा सञ्चालन तथा व्यवस्थापन सँग सम्वन्धित सवारी साधन आवतजावतमा समेत प्रतिकुल असर पर्ने गरी कास्की जिल्लाका कुनै सडक/बाटोहरु थुनछेक गरी अवरुद्ध भए/नभएको एकिन गर्न जिल्ला स्थित सुरक्षा निकायहरुवाट खटाएको टोलीले अनुगमन गर्ने र अवरुद्ध गरिएको/भएको पाईएमा अविलम्व सडक/बाटो खुलाउने व्यवस्था मिलाउने ।

९. कास्की जिल्लामा कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण व्यवस्थापनका लागि जारी भएका आदेश तथा निर्देशनहरुको परिपालना एवं कार्यान्वयनको स्थितिको समिक्षा गरियो ।